कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०७/०५ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | लड्डुगोपाल फुड्स प्रा. लि., कलंकी शाखा, काठमाडौं -१४ | • सरसफाई सन्तोषजनक नपाईएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• दुई थान Sudha brand को ५०० मि लि प्रशोधित दुधको उपभोग्य मिति गुज्रेको पाईयो<br>• केही लड्डु प्याकिङ्ग कटौरीमा मसीजन्य कागज प्रयोग भएको देखियो<br>• खुवा तथा दुधजन्य दुई थान मिठाई (वर्फी र कलाकन) को नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा negative पाईएको | • देखिएका कैफियतमा भएको विवरणहरू सुधार गरी खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको<br>• उपभोग्य मिति गुज्रेको दुई थान दुध नष्ट गरीयो<br>• मसीजन्य लड्डु प्याकिङ्ग कटौरी अबदेखि प्रयोग नगर्न निर्देशन दिएको |
| २. | न्यू लक्ष्मी स्वीट हाउस, कारखाना चौक, काठमाडौं -१४ | • सरसफाई सामान्य रहेको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• तेलको TPM Value परीक्षण गर्दा ८.५ पाइएको<br>• एक थान खुवाजन्य मिठाई (वर्फी) को नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा negative पाईएको | • खाद्य स्वच्छता कायम गर्ने<br>• Pest control को व्यवस्था थप प्रभावकारी बनाउँने |
| ३. | लड्डुगोपाल फुड्स प्रा. लि. , सोह्रखुट्टे शाखा, काठमाडौं -१६ | • सरसफाई सन्तोषजनक पाईएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• दुई थान खुवा तथा दुधजन्यजन्य मिठाई (वर्फी र खुवा मिठाई) को नमुना संकलन | • खाद्य स्वच्छता कायम गर्ने<br>• Pest control को व्यवस्था थप प्रभावकारी बनाउँने।<br>• खाद्य रंगको व्यवस्थित प्रयोग गर्ने। |

| | | | |
|---|---|---|---|
| | | गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा starch negative पाईएको। | |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ३ वटा होटल/रेष्टुरेन्ट/ विक्री केन्द्र** | | | |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०७/०५